annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ११० पृष्ठ १० | काठमाडौं, आइतबार २ भदौ २०८१ | श्रावण शुक्लपक्ष चतुर्दशी, नेपाल संवत् ११४४ | SUNDAY, AUGUST 18, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# दशरथ रंगशाला, यस्तो भएपछि देशको शिर निहुरिँदैन र ?

नेपालको अन्तर्राष्ट्रिय स्तरको एक्लो रंगशाला हो, दशरथ रंगशाला । त्यसैले दशरथ रंगशालालाई नेपाली खेलकुदको 'लाइफलाइन' पनि भनिन्छ । दशरथ रंगशाला जति चलायमान हुन्छ, नेपाली खेलकुद पनि उत्तिकै गतिशील हुँदै आएको छ । तर, विडम्बना राज्यले चासो नदिँदा नेपाली खेलकुदको जिउँदो इतिहास बोकेको दशरथ रंगशाला खण्डहरमा परिणत मात्रै भइरहेको छैन, जबरजस्ती खेलकुदका गतिविधि आयोजना गर्दा देशको शिर पनि निहुराउने काम भइरहेको छ ।

विष्णु थापा | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

## असारे विकास अन्त्य गर्न जरुरी



**सरस्वती दर्लामी**

इजलास

गत आर्थिक वर्ष पाल्पाको बगनासकाली गाउँपालिकाले कार्ययोजना बनाएर काम गरेकै कारण असारे विकास तोड्न सफल भयौं। गत वर्ष सबै काम जेठ महिनाभित्रै सकेर देशमै नमुना गाउँपालिका बनाउन सफल भयौं। उपभोक्ता, कर्मचारी र जनप्रतिनिधिहरूको त्रिपक्षीय तालमेलकै कारण बगनासकाली गाउँपालिकाले असारे विकास रोक्न सफल भएको हो। चालु आर्थिक वर्षमा पनि कार्ययोजना बनाएर असारे विकास तोड्ने अभियानमा सिंगो गाउँपालिका जुटेको छ।

कार्यपालिका बैठकले भदौ १ गतेदेखि १५ गतेसम्म सबै योजनाका लागि उपभोक्ता समिति गठन गर्ने, भदौ १५ गतेदेखि ३० गतेसम्म सबै उपभोक्ता समितिलाई तालिम दिने, कार्यालयबाट लागत स्टिमेट तयार पार्ने, भदौभित्रमा पालिकाभित्र ठूलाठूला योजनाहरूको सार्वजनिम सूचना प्रकाशित गरिसक्ने, असोज १ गतेदेखि २० गतेसम्म गाउँपालिकाको ९ वटै वडाको टोल बस्तीमा पुगेर योजनाको सम्झौता गर्ने निर्णय गरेका छौं। कार्यपालिकाले गरेको निर्यणलाई कार्यान्वयन गर्नका लागि सबै वडामा कर्मचारी तथा जनप्रतिनिधिहरू परिचालन भइसकेका छन्।

पालिकाभित्र सञ्चालन हुने २०८२ वैशाख १५ गतेभित्र उपभोक्ता समितिका योजनाहरू सम्पन्न गर्ने र ठेक्का बाट भएका कामहरू जेठ १५ गतेभित्र सक्ने गरी अन्तिम सम्झौताको मिति तय गरेर काम सुरु गरेका छौं। यो अभियानले समयमै काम सम्पन्न भएका छन। असारे भेल सँगै बगेर जाने विकास रोकिएको छ।

गत वर्ष पालिकाको ७ वटा मुख्य स्थानमा सडक कालेपत्रे गरेकोमा चालु आर्थिक वर्षमा पनि विभिन्न वडाका ७ स्थानमा सडक कालोपत्रे गर्ने छौं। हामीले सबै वडा कार्यालय सम्म कालोपत्रे सडक पुऱ्याउने गरी काम गरेका छौं।

*(दर्लामी, पाल्पाको चिदी बगनासकाली गाउँपालिका अध्यक्ष हुन् ।)*

# दिनदिनै नयाँ रेकर्ड राख्दै सुन, अझै बढ्ला ?

**ममता थापा** | *काठमाडौं*

सुनको मूल्यले दैनिक नयाँ-नयाँ रेकर्ड बनाउँदै छ। ४-५ महिनायता अन्तर्राष्ट्रियदेखि राष्ट्रियबजारसम्म सुनको मूल्यले नयाँ कीर्तिमान कायम गर्दै आएको छ। आर्थिक वर्षको सुरुवाती महिनामै सुनको मूल्य प्रतितोला डेढ लाख रुपैयाँ नाघ्यो। अर्थात् ०८१ साउन २१ गते प्रतितोला १ लाख ५० हजार पुगेर सुनले नयाँ रेकर्ड बनायो।

यो अहिलेसम्मकै उच्च हो। यसपछिका समय अर्थात् साउनको अन्तिम साता पनि सुनको मूल्य सोही आसपासमा घटबढ भइरहेको थियो। सुनको मूल्य यत्तिमै रहला ? विश्लेषक भन्छन्, 'अझै माथि जान सक्छ।' अमेरिकाको अर्थतन्त्रमा देखिएको सुधार र सेयर बजारको वृद्धिले सुन बजारमा प्रभाव परेको नेपाल सुनचाँदी व्यवसायी महासंघका महासचिव किरणभाइ बज्राचार्य बताउँछन्। उनकाअनुसार साताको सुरुको तेस्रो दिन अर्थात् मंगलबार नयाँ उचाइमा पुगेको मूल्य त्यसपछिका दिनमा भने सामान्य घट्यो।

नेपाली बजारमा पनि यो साता सुनको मूल्यले नयाँ रेकर्ड कायम गऱ्यो। साताको पहिलो दिन आइतबार प्रतितोला सुन १ लाख ४८ हजार ८ सय रहेको थियो। तर, सुनको मूल्य साताको तेस्रो दिन मंगलबार हालसम्मकै उच्च अर्थात् प्रतितोला १ लाख ५० हजार ८ सय पुग्यो। त्यसपछिका दिन ओरालो लागेको मूल्य साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम १ लाख २८ हजार २ सय ६० रुपैयाँ कायम भयो।

यो मूल्य साताको पहिलो दिनको तुलनामा पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम ६ सय ९० रुपैयाँ बढी हो। यो साता नेपाली बजारमा चाँदीको मूल्य पनि बढेको छ। साताको पहिलो दिन आइतबार प्रति १० ग्राम १ हजार ४ सय ७४ रुपैयाँ ६० पैसा रहेको मूल्य साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम १ हजार ५ सय ९ रुपैयाँ कायम भयो।

**सुन तथा चाँदीको साताव्यापी मूल्य कति घटबढ ?**

| साउन | सुन प्रतितोला | चाँदी प्रतितोला |
|---|---|---|
| २७ गते | १,४८,८०० | १,७२० |
| २८ गते | १,४८,७०० | १,७१५ |
| २९ गते | १,५०,८०० | १,७४० |
| ३० गते | १,५०,५०० | १,७३५ |
| ३१ गते | १,५०,५०० | १,६९२ |
| ३२ गते | १,४९,६०० | १,७६० |

*स्रोत : नेपाल सुनचाँदी व्यवसायी महासंघ*



### किन महँगो हुँदै सुन ?

अन्तर्राष्ट्रिय बजारमा भन्दा नेपाली बजारमा सुनको मूल्य उच्च दरमा बढेको पाइन्छ। चालु आर्थिक वर्षमा सरकारले बजेटमार्फत सुन आयातमा भन्सार दर १५ प्रतिशतबाट बढाएर २० प्रतिशत पुऱ्याएकाले सुनको मूल्य बढेको तर्क गर्छन्, सुनचाँदी व्यवसायी महासंघका निवर्तमान अध्यक्ष माणिक रत्न शाक्य। अमेरिकी डलरको मूल्यवृद्धि र सरकारले बढाएको करका कारण अन्तर्राष्ट्रियभन्दा नेपाली बजारमा सुनको मूल्य उच्च दरमा बढेको उनको भनाइ छ। अन्तर्राष्ट्रिय बजारमा पाँच वर्षअघि प्रतिऔंस १ हजार २ सय ८८ डलर रहेको सुन अहिले दोब्बर हाराहारी छ।

» बाँकी पृष्ठ ६

## थाइल्यान्डका पूर्वप्रधानमन्त्री थाक्सिनलाई आममाफी

**बैंकक** (एएफपी) : थाइल्यान्डका राजाद्वारा पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रालाई शनिबार आममाफी दिएका छन्। राजा महा वजिरालोङकोर्नले आफ्नो जन्मदिनको उपलक्ष्यमा आममाफी दिएका हजारौं व्यक्तिमध्ये ७५ वर्षीय धनाड्य पूर्वप्रधानमन्त्री सिनावात्रा पनि एक हुन्।

थाक्सिन १५ वर्षको आत्मनिर्वासनपछि झन्डै एक वर्षअघि स्वदेश फर्केपछि भ्रष्टाचार र शक्तिको दुरुपयोग गरेको अभियोगमा ८ वर्षको जेल सजाय सुनाइएको थियो।

राजा वजिरालोङकोर्नले उनको सजाय कटौती गरी एक वर्षमा सीमित गरी दिएका थिए। उमेर र खराब स्वास्थ्यको कारण उनलाई आवश्यक परेको समय उपस्थित हुने शर्त (प्यारोल)मा रिहा गरिएको थियो।

थाक्सिनका वकिल चाटमोन्ट्रीले सरकारी राजपत्रमा आममाफीको घोषणा गरिएको र आममाफी पाउने हजारौं व्यक्तिमध्ये दुईपटक प्रधानमन्त्री भइसकेका थाक्सिन पनि रहेको बताए। 'शाही घोषणाबाट माफी पाउने हजारौं थाइमध्ये पूर्वप्रधानमन्त्री सिनावात्रा एक व्यक्ति छन्,' उनले आफ्नो व्यक्तिगत फेसबुक अकाउन्टमा लेखेका छन्।

# जनकपुरमा फर्जी शिक्षकको बिगबिगी

**मनिका झा** | *जनकपुरधाम*

जनकपुरधाम उपमहानगरपालिका-१३ स्थित धत्ताटोल राष्ट्रिय प्राथमिक विद्यालयकी प्रधानाध्यापक हुन्, रेखाकुमारी राय। उपमहानगरपालिकाको छानबिन समितिले स्पष्ट भनेको छ- रायले सुरुमा धत्ताटोल राप्रवि पिडारी नामको निजी विद्यालय सञ्चालन गर्ने भनेर अनुमति लिएको। तर, पछि नक्कली कागजात तयार पारेर उक्त विद्यालयलाई सामुदायिकमा परिणत गरी प्रधानाध्यापक पदमा कार्यरत रहेको।' अर्थात्, विद्यालयको स्थापनादेखि प्रधानाध्यापकको नियुक्ति नै फर्जी भएको उपमहानगरपालिकाले छानबिनले जनाएको छ। तर, पनि विद्यालय कायम छ, राय प्रधानाध्यापिकाकै रूपमा पदमा कार्यरत छिन्।

उपमहानगरपालिकाको शिक्षा शाखाले गरेको छानबिन समितिले 'उक्त विद्यालय स्थापनादेखि कै' छानबिन गरी असुलउपरसहित हदैसम्मको कारबाही गर्न सिफारिस गरेको छ। उक्त विद्यालयका अर्का शिक्षक जगदीश रायको नियुक्ति पनि शंकास्पद नै रहेको छानबिन प्रतिवेदनमा उल्लेख छ। विद्यालयले कार्यालय सहयोगी कान्ति कुमारी, विनिता कुमारी, अनु राय र रञ्जुदेवी राउतको फाइल समितिलाई उपलब्ध नगराइको प्रतिवेदनमा छ। जनकपुर-२१ स्थित गायत्री प्रज्ञापिठ गुरुकुल प्राथमिक पाठशाला कुर्थाका प्राविं राहत शिक्षक दिलिपकुमार पासवान पनि नक्कली शिक्षक रहेको छानबिनबाट खुलेको छ। पीसीएफ रकमबाट तलब खाने गरी निजी स्रोतमा नियुक्ति लिएका पासवानको नियुक्ति फर्जी भएको छानबिनले देखाएको छ।





**फर्जी कागजातको भरमा सञ्चालनमा रहेको भनिएको जनकपुरधामको धत्ता टोलस्थित सामुदायिक विद्यालय ।** ● मनिका झा

पासवानलाई आर्थिक प्रलोभनमा पारी तत्कालीन निलम्बित जिल्ला शिक्षा अधिकारी उपेन्द्र मण्डलले गैरकानुनी रूमा राहत शिक्षकमा नक्कली पदस्थापना गरेको प्रतिवेदनमा उल्लेख छ। 'पीसीएफ रकमबाट तलब खाने गरी गरिएको निजी स्रोत नियुक्तिसम्बन्धी कागजातमा टिपेक्स लगाई दरबन्दीमा नियुक्ति भएको भनी फर्जी कागजात बनाएको, निलम्बित जिल्ला शिक्षा अधिकारीबाट नभएको राहत दरबन्दीमा पदस्थापना गरिएको भन्ने पत्र बनाएको, झोले विद्यालय खोली दिलिपकुमार पासवान र अमृताकुमारी पासवान दम्पतीले जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरूलाई आर्थिक प्रलोभनमा पारी रकम निकासा गराई आर्थिक हिनामिनासमेत गरेको लेखापरीक्षण प्रतिवेदनमा देखिएको छ', छानबिन प्रतिवेदनमा उल्लेख छ। तर, हालसम्म यी नक्कली शिक्षकहरूलाई कारबाही हुन सकेको छैन।

छानबिन प्रतिवेदनले उपमहानगरपालिका ५० वटा सामुदायिक विद्यालयमा कार्यरत अस्थायी, करार, राहत, बालविकास सहयोगी र विद्यालय सहयोगी धेरैजसो फर्जी रहेको औंल्याएको छ। छानबिनका लागि उपमहानगरपालिकाको शिक्षा शाखाले सबै विद्यालयका शिक्षकको विवरण माग गरेको थियो।

३ सय २ शिक्षकमध्ये २ सय ७२ जनाको मात्रै फाइल प्राप्त भएको छानबिन प्रतिवेदन तयार पारेका उपमहानगरपालिका शिक्षा शाखाका प्रमुख मिहिलाल यादव बताउँछन्। अख्तियारले फर्जी तथा किर्ते कागजातको भरमा तलब खाइरहेका शिक्षकमाथि छानबिन गर्न गत पुस ३ गते उपमहानगरपालिकालाई पत्र पठाएको थियो। 'त्यसपछि सम्पूर्ण विद्यालयमा अस्थायी, राहत, करार र अन्य शिक्षकहरूको अवस्था के रहेको छ भनी छानबिन गरेर प्रतिवेदन तयार गरेका हौं,' हाल उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतसमेत रहेका यादव भन्छन्, 'यथार्थ विवरण सहितको प्रतिवेदन अख्तियारलाई पनि पठाएको छ।

उपमहानगरपालिकामा पनि यसै प्रतिवेदनलाई आधार मानि फर्जी र गैरकानुनी रूपमा बसेका शिक्षकहरूलाई तलब भत्ता खुवाउनु हुँदैन भन्ने अडान लिएको छु।' तर, राजनीतिक दबाबका कारण उनीहरूको तलब भने निकासा गरिएको यादवले बताए। शिक्षकहरूको फाइल शिक्षा शाखालाई नबुझाउने विद्यालयमा पर्छ, जनकपुरधाम उपमहानगरपालिका–१२ स्थित कुवारामपुर मावि।

जनकपुरधाम उपमहानगरपालिकाका वर्तमान नगर प्रमुख मनोज साह १२ वर्षसम्म उक्त विद्यालय व्यवस्थापन समितिको अध्यक्ष थिए। शिक्षा शाखाको पत्र र उपमहानगरपालिकाको पटक-पटकको ताकेतालाई पनि अटेर गरी उक्त माविले शिक्षकहरूको फाइल नपठाएको शिक्षा शाखा प्रमुख यादव बताउँछन्। विद्यालय नै फर्जी र शिक्षकहरूको नियुक्ति पनि नक्कली रहेको पर्याप्त प्रमाण हुँदाहुँदै पनि उपमहानगरपालिकाले विद्यालयलाई कारबाही गर्ने आँट गरेको छैन। न त फर्जी भनिएका शिक्षकहरूको तलब भत्तानै रोक्का गर्न सकेको छ। पहुँच, पावर र राजनीतिक संरक्षणको आवरणमा लामो समयदेखि उपमहानगरपालिकाका विद्यालयहरूमा फर्जी शिक्षकको बिगबिगी छ।

नक्कली कागजपत्र तयार गरेका, फर्जी दरबन्दी बनाएर नियुक्त भएका, करार अवधि सकिएर पनि म्याद थप नभएका शिक्षकहरूको सम्पूर्ण विवरण उपमहानगरपालिकासँग सुरक्षित रहे पनि नियम कानुन मिचेर त्यस्ता शिक्षकहरूलाई तलब भत्ता उपलब्ध गराउने गरिएको छ।